# थलारा गाउँपालिकाका उपाध्यक्ष श्री राम बहादुर खातीज्यूले थलारा गाउँपालिका गाउँ सभाको पन्ध्रौं अधिवेशनमा पेश गर्नुभएको आर्थिक वर्ष २०८२/०८३ को बजेट बक्तव्य

**थलारा गाउँपालिका**

**गाउँ सभाको सचिवालय**

खोली, बझाङ

सुदूरपश्चिम, नेपाल

२०८२ असार १०

गाउँसभाका अध्यक्ष महोदय,

गाउँ सभाका सदस्यज्यूहरु,

१. सर्वप्रथम, थलारा गाउँपालिकाको गाउँसभाको पन्ध्रौं अधिवेशनमा हार्दिक स्वागत गर्दछु । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार दश गतेभित्र सभामा पेश गर्नुपर्ने व्यवस्था भए बमोजिम यस गरिमामय गाउँ सभाको पन्ध्रौं अधिवेशनमा योजना तर्जुमा समिति संयोजकका हैसियतले आर्थिक बर्ष २०८२।८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै गर्वको अनुभुति भएको छ।

२. यस महत्त्वपूर्ण अवसरमा नागरिक सर्वोच्चता, शासन प्रणाली, सामाजिक रुपान्तरण र अग्रगमनका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै यो लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन व्यवस्था स्थापनाका लागि योगदान पुर्याउनु हुने नेतागण तथा आम दाजु भाई दिदीबहिनीहरुमा हार्दिक आभार व्यक्त गर्दछु

३. यस बजेट तर्जुमाका क्रममा हामीले नेपालको संविधान, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीति, स्थानीय तहको एकल तथा साझा अधिकारका बिषयहरु,स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघीय तथा प्रदेश सरकारले जारी गरेका नीति तथा कार्यक्रम, १६ औं आवधिक योजना, दीगो विकासका लक्ष्य प्राप्तिका लागि राज्यले जाहेर गरेका प्रतिवद्धता, हामीले निर्वाचनको क्रममा जनतासामु व्यक्त गरिएका प्रतिबद्धता, विगतका आर्थिक वर्षहरुमा थलारा गाउँपालिकाले लिएका नीति कार्यक्रम तथा योजना, बस्ती स्तरबाट आएका सुझावहरु, विभिन्न राजनैतिक दलहरु, संघसंस्थाका प्रतिनिधिहरु, गाउँपालिकाबासी सम्पूर्ण दाजुभाई तथा दिदी बहिनीहरुले विभिन्न माध्यमबाट दिनु भएका राय, सल्लाह तथा सुझावहरुलाई महत्वपूर्ण आधारका रुपमा ग्रहण गरिएको छ ।

४. यस अघिको गाउँसभाको बैठकमा पेश भएको नीति कार्यक्रमसँग तादम्य हुने गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रयास गरिएको छ। साथै गत विगत बर्षमा समयमा बजेट पारित नभई हुने गरेको ढिलाईलाई यस आर्थिक बर्षमा अन्त्य गर्दै असार १० गते नै सबै योजना कार्यक्रम सहितको पूर्ण बजेट पेश गर्न सफल भएका छौं। बजेट तर्जुमाका क्रममा विभिन्न व्यक्तिहरुले दिनु भएका राय, सुझाव र सल्लाहलाई स्रोत साधनले भ्याए सम्म सम्बोधन गर्न प्रयास गरिएको छ तथापी सिमित स्रोत साधनका कारण सबै मागहरु सम्बोधन हुन नसकेको कुरा यस सभा समक्ष अवगत गराउन चाहन्छु।

५. गाउँपालिकाबासीको सुख, शान्ति र समुन्नति हासिलका लागि हाम्रा प्रयास प्राथमिकता, प्रतिबद्धता र आमनागरिकका विकास सम्बन्धी आकांक्षाहरुलाई सम्बोधन गर्ने गरी आर्थिक वर्ष २०८२/८३ को वार्षिक बजेट मूख्य रुपमा केन्द्रित रहेको छ।

गाउँसभाका अध्यक्ष महोदय,

गाउँसभाका सदस्यज्यूहरु,

अब म यहाँहरु समक्ष गत आर्थिक वर्ष २०८०/८१ को यथार्थ आय व्ययको जानकारी गराउने अनुमति चाहन्छु।

६. गत आर्थिक वर्ष २०८०।८१ मा आन्तरिक स्रोतबाट ३१ लाख २० हजार ९ सय ८ र संघीय सरकारबाट अन्तरसरकारी वित्तीय हस्तान्तरण रु. ३० करोड ७४ लाख २५ हजार १ सय ६०, प्रदेश सरकारबाट अन्तरसरकारी वित्तीय हस्तान्तरण रु. १ करोड ६३ लाख ६६ हजार ६ सय ६० एवम् राजश्व बाँडफाँडबाट ७ करोड ९ लाख ३९ हजार ६ सय ८२ र अघिल्लो बर्षको सरी आएको मौज्दात ९९ लाख ८२ हजार १ सय ८२ गरी कुल ४० करोड २३ लाख ५२ हजार ४ सय ११ आय भएको देखिन्छ। यसैगरी, व्यय तर्फ कुल ३८ करोड ८२ लाख ८४ हजार ६ सय ७ मध्ये चालु तर्फ ३० करोड ५७ लाख ३९ हजार ३ रुपैयाँ र पुंजीगत तर्फ ८ करोड २५ लाख ४५ हजार ६ सय ४ रहेको देखिन्छ।

गाउँ सभाका अध्यक्ष महोदय,

गाउँ सभाका सदस्यहरु,

अब म चालु आर्थिक वर्ष २०८१/०८२ को जेठ मसान्त सम्मको यथार्थ आय व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

जेठ मसान्त सम्मको यथार्थ आम्दानी र खर्च :

७. चालु आर्थिक वर्ष २०८१।८२ को प्रक्षेपित कुल आय रु. ४८ करोड ५२ लाख ०५ हजार ३ सय ७४ मध्ये जेठ मसान्तसम्म रु. ४२ करोड ६९ लाख ८ हजार ९३ रुपैया प्राप्त भएकोछ। जसमध्ये, आन्तरिक स्रोतबाट ३० लाख ९२ हजार १ सय २४, संघीय र प्रदेश अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट ३४ करोड २२ हजार २ सय २० एवम् राजश्व बाँडफाँडबाट ६ करोड ९२ लाख १० हजार ३ सय ७५ प्राप्त भएको छ। गत वर्षको मौज्दात १ करोड ४५ लाख ८३ हजार ३ सय ७४ रहेको छ।

८. त्यसैगरी, व्ययतर्फ चालु आर्थिक वर्ष २०८१।८२ को जेठ मसान्तसम्म ३३ करोड २२ लाख ४६ हजार ८ सय २४ खर्च भएकोछ। जुन व्यय अनुमानको ६८ दशमवल ४७ प्रतिशत मात्र हुन जान्छ । जेठ मसान्तसम्म भएको कूल खर्च मध्ये चालु तर्फ रु २६ करोड ९९ लाख ३७ हजार ७ सय ७२ अर्थात ७९ दशमवल १७ प्रतिशत र पूँजिगत तर्फ रु. ६ करोड २३ लाख ९ हजार ५२ अर्थात ४३ दशमबल १९ प्रतिशत खर्च भएको छ। चालु खर्चमा सामाजिक सुरक्षा कार्यक्रमको रु. ९ करोड ४ लाख ९९ हजार ८ सय ९२ समावेश गरिएको छैन।

गाउँ सभाका अध्यक्ष महोदय,

गाउँ सभाका सदस्यहरु,

अब म बजेट प्रणालीमा देखा परेका विद्यमान चुनौतीहरुको चर्चा गर्ने अनुमति चाहन्छु।

१. संघीय सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान र राजश्वमा राजश्व वाडफाड बाट प्राप्त आयमा संकुचन आएको छ। आन्तरिक आय लक्ष्य अनुसार सङ्कलन गर्न सकिएको छैन। सशर्त अनुदान तर्फ संघिय सरकारबाट हस्तान्तरित वैदेशिक अनुदानको फुकुवा पूर्ण रुपमा भएको छैन। जसले गर्दा पूर्व निर्धारित प्राथमिकताका योजना तथा कार्यक्रमहरु समयमा सञ्चालन गर्न समस्या सिर्जना भएको छ।

२. चालु आर्थिक बर्षमा बजेट विनियोजन भएका कतिपय योजनाहरुमा पर्याप्त बजेट नहुँदा अधुरो रहने अवस्थामा छन्। सम्पन्न योजनाहरु समेत तोकिएको समयमा भुक्तानी माग गर्न नआउँदा अधिकांश योजनाहरुको भुक्तानी गर्न सकिएको छैन जसले गर्दा पुजीगत तर्फ वित्तीय प्रगति लक्ष्य अनुरुप हुन सकेको छैन। अर्को तर्फ विगत देखि निर्माणाधिन योजनाहरु तोकिएको समयभित्र सम्पन्न नहुँदा भुक्तानी दायित्त्व अर्को आर्थिक वर्षमा सर्दै गई आर्थिक भार थपिदै जानुले गाउँपालिकाले नयाँ गौरब र ठूला आयोजनाहरुको सुरुवात हुन समस्या हुने गरेको छ।

३. राजश्व बाँडफाँडबाट प्राप्त हुने आय लक्ष्य भन्दा न्यून प्राप्त हुने, समयमा प्राप्त नहुने प्रवृतिले प्राथमिकता प्राप्त क्षेत्रमा लगानी बढाउन सकिएको छैन् । यसरी बजेट सिमा भन्दा निकासा कम हुन गइ गत आर्थिक बर्षमा १ करोड भन्दा बढी रकम आर्थिक बर्षको अन्त्यमा भुक्तानी बाँकी रहन गइ चालु आर्थिक बर्षमा दायित्व सरेको थियो।

४. बजेटको ठुलो परिमाण नेपाल सरकार, प्रदेश सरकार लगायत अन्य सरकारी तथा गैह्रसरकारी संघसंस्थाहरुको सहकार्यमा सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि लागत साझेदारी वापत व्यहोर्नु पर्ने स्थिति रहेकोछ।

५. गाउँपालिकाले विगतमा विभिन्न सामुदायिक विद्यालयमा नियुक्त गरेका पिसिएफ अनुदानका शिक्षक, लगायत अन्य कर्मचारीहरु, वडा कार्यालय, स्वास्थ्य, कृषि लगायत गाउँपालिकाको विभिन्न शाखा अन्तर्गत करार कर्मचारीको तलब भत्ताका लागि निरन्तर ठूलो रकमको व्ययभार थपिएको छ।

गाउँ सभाका अध्यक्ष महोदय,

गाउँ सभाका सदस्यहरु,

माथि उल्लेखित चुनौतिलाई मनन गर्दै सरकारी, निजी र सहकारी क्षेत्रको सहकार्य र सहयोगमा उपलब्ध सार्वजनिक स्रोत साधनको अधिकतम परिचालन गर्दै गाउँपालिकाको सर्वाङ्गीण विकास गर्न बजेटका उद्देश्य तथा प्राथमिकताहरु निम्न अनुसार तय गरेकोछु।

आर्थिक वर्ष २०८२।८३ को बजेटका उद्देश्यहरु :

- बजेट तर्जुमा, कार्यान्वयन तथा अनुगमन प्रणालीमा सुधार गरी समग्रमा वित्तीय सुशासन कायम गर्ने
- थलारा गाउँपालिकाको आधुनिक शैक्षिक पूर्वाधार सहितको शिक्षामा पहुँच अभिवृद्धि गर्दै स्वास्थ्य तथा खानेपानीको गुणस्तर सुधार एवम् सर्वशुलभ पहुँच पुर्‍याउने।
- कृषिको व्यवसायीकरण, पर्यटन क्षेत्रको विकास र विस्तार मार्फत स्थानीय स्तरमा रोजगारीका अवसर सिर्जना गर्ने।
- दलित, महिला जनजाति, अपाङ्गता भएका व्यक्ति, गरिब तथा सिमान्तकृत समुदायको जीवनस्तर उकास्न विभिन्न कार्यक्रम सञ्चालनका साथै बहुप्रकोपको जोखिमबाट हुने क्षति न्यूनीकरणको लागि समन्वय सहकार्य गर्ने
- गाउँपालिकाको भित्र रहेका विपन्न समुदायमा उद्यम विकास, सहकारिता मार्फत यूवा तथा अति विपन्नका परिवारका लागि रोजगारी सिर्जना गर्ने।
- सूचना, प्रविधि तथा सञ्चार सेवाको विस्तार, मानव संशाधनको विकास, नागरिकमैत्री सेवाप्रवाह तथा भ्रष्टाचार नियन्त्रण गर्दै संस्थागत सुशासन कायम गर्ने।
- गुणस्तरीय र दिगो पूर्वाधार निर्माण मार्फत गाउँपालिकालाई "बसोबास योग्य र समुन्नत गाउँपालिका" को रुपमा विकास गर्ने।
- प्राथमिकताका आधारमा गाउँपालिकाको स्थानीय आवश्यकता पहिचान गरी विकास साझेदार निकायहरुसँगको समन्वय, सहकारिता र साझेदारी कायम गर्ने ।

**आर्थिक वर्ष २०८२।८३ को बजेटका प्राथमिकताहरु** :

- ❖ बजेट प्रणालीमा सुधार र वित्तीय सुशासन
- ❖ आधुनिक शैक्षिक पूर्वाधार सहितको शिक्षामा पहुँच अभिवृद्धि
- ❖ स्वास्थ्य तथा खानेपानीको गुणस्तर सुधार एवम् सर्वशुलभ पहुँच,
- ❖ दिगो, भरपर्दो पूर्वाधार निर्माण एवम् संरक्षण,
- ❖ कृषि तथा पशुपंक्षी उत्पादन तथा उत्पादकत्व अभिवृद्धि तथा व्यवसायीकरण,
- ❖ पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माण
- ❖ उद्यमशिलता विकास, रोजगारी सिर्जना
- ❖ विपद् व्यवस्थापन,
- ❖ भष्ट्राचार बिरुद्ध शून्य सहनशिलता तथा संस्थागत सुशासन,
- ❖ सूचना प्रविधी तथा सञ्चार,
- ❖ समानता र सामाजिक न्याय

गाउँ सभाका अध्यक्ष महोदय,

गाउँ सभाका सदस्यहरु,

अब म आगामी आर्थिक वर्ष २०८२।८३ का लागि प्रस्तावित बजेटका क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## सामाजिक विकास

### <u>१.शिक्षा</u>

१. सामुदायिक विद्यालयहरुमा विद्यार्थी सङ्ख्यालाई घट्न नदिई सामुदायिक विद्यालयप्रति विद्यार्थी र अभिभावकको विश्वासको वातावरण अभिवृद्धि गर्न शैक्षिक गुणस्तर अभिवृद्धिका लागि पहिलो प्राथमिकता दिई विभिन्न कार्यक्रमहरुका लागि बजेट विनियोजन गरेको छु।

२. विद्यालयको भौतिक पूर्वाधारलाई थप सुदृढीकरण गर्न ४ वटा माध्यमिक विद्यालयहरुमा नयाँ भवन निर्माण गर्न ९६ लाख २५ हजार र विगतमा निर्माण प्रारम्भ भई निर्माणाधिन रहेका विद्यालय भवनलाई पूर्णता दिन आवश्यक बजेट विनियोजन गरेको छ। त्यसैगरी आगामी २ बर्ष सम्म सबै विद्यालयहरुमा घेरबार निर्माण गरीसक्ने लक्ष्य सहित पालिका भरिका विभिन्न विद्यालयहरुको घेरबार निर्माणका लागि रु. ३५ लाख बजेट व्यवस्था गरेको छ।

३. विद्यालयको प्रशासनिक कामकाज तथा शिक्षण सिकाइ कार्यलाई व्यवस्थित गर्न सामुदायिक विद्यालयहरुमा इन्टरनेट, पर्याप्त फर्निचर, विज्ञान प्रयोगशाला, कम्प्युटर तथा स्मार्ट बोर्ड जस्ता शैक्षिक पूर्वाधार विस्तारका लागि रु. १ करोड ४१ लाख बजेट विनियोजन गरेको छ।

४. गरिव,दलित, विपन्न तथा जेहेन्दार विद्यार्थीलाई दिदै आएको छात्रवृत्ति कार्यक्रम अन्तर्गत सशर्त अनुदानमा तर्फको कार्यक्रमलाई निरन्तरता दिइएको छ भने पालिकाको लगानीमा प्राविधिक शिक्षा अध्ययन गरिरहेका विद्यार्थीको अध्ययनलाई पूर्णता दिन प्राविधिक धारमा अध्ययनरत छात्रवृत्ति लागि रु १० लाख विनियोजन गरेको छ।

५. टुहुरा वालकालिकालाई निःशुल्क पठन पाठनको व्यवस्था गरी पालिकाले अभिभावकत्व ग्रहण गर्ने नीतिको कार्यान्वयनको लागि ३ लाख बजेट व्यवस्था गरेको छ ।

६. विद्यार्थीहरुमा लुकेर रहेको प्रतिभालाई प्रष्फुटन, पहिचान र प्रवर्दधन गर्न वडा तथा पालिका स्तरीय विद्यार्थी प्रतिभा पहिचान कार्यक्रमका लागि ३ लाख बजेट विनियोजन गरेको छ।

७. शिक्षकहरूको क्षमता विकास र वृत्ति विकासका लागि विभिन्न पेशागत तथा पुनर्ताजगी, सामुदायिक विद्यालयहरुमा सेनिटरी प्याड वितरण, प्रत्येक विद्यालयको निरन्तर, प्रभावकारी तथा नतिजामुलक ढंगले अनिवार्य रुपमा अनुगमन, स्थानीय पाठ्यक्रम अनुरुप सन्दर्भ सामाग्रीहरुको निर्माण, कक्षा ५ र ८ को पालिकास्तरीय बार्षिक परीक्षा संचालन, सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि सरोकारवालहरुसंग छलफल तथा अन्तरक्रिया कार्यक्रम, शैक्षिक क्यालेण्डर प्रकाशन लगायत विभिन्न शिर्षकमा आवश्यक बजेट विनियोजन गरेको छ ।

८. सामुदायिक विद्यालयमा कार्यरत बालविकास शिक्षक तथा विद्यालय कर्मचारीको थप पारिश्रमिक तथा गाउँपालिका अनुदानका बालविकास र पिसिएफ अनुदानकोटमा कार्यरत शिक्षकको पारिश्रमिकका लागि सशर्त अनुदान वाहेक थप रु २ करोड बजेट व्यवस्था गरेको छ।

९. सशर्त अनुदानबाट हस्तान्तरित बजेटका अतिरिक्त पालिकाबाट शिक्षा तर्फ थप रु ३ करोड १० हजार बजेट विनियोजन गरेको छ ।

## २.युवा तथा खेलकुद

**१.** जिल्ला स्तरिय र गाउँपालिका स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका लागि रु ११ लाख र अन्य खेलकुद प्रतियोगिताका लागि ६ लाख साथै प्रत्येक वडामा मेला चाडपर्वका लागि ९ लाख बजेट व्यवस्था गरेको छ। अन्तरविद्यालय अतिरिक्त क्रियाकलाप मार्फत विद्यार्थी प्रतिभा पहिचानका लागि आवश्यक बजेट विनियोजन गरेको छ।

२. वडा नं ७ विरखम्ब खेलकुद मैदान निर्माणका लागि रु ११ लाख ५ हजार र वडा नं ८ मा खेलमैदान निर्माणका लागि रु. ३ लाख बजेट विनियोजन गरेको छ।

## ३.स्वास्थ्य

**१.** आधारभूत स्वास्थ्य सेवाको गुणस्तर सुधारको लागि भिडियो एक्सरे, ल्याप उपकरण लगायत अन्य औजार उपकरण खरिद तथा पोषण सम्बन्धी कार्यक्रम संचालनका लागि प्रदेश बिशेष अनुदान अन्तर्गत २५ लाख बजेट विनियोजन गरेको छु ।

**२.** नसर्ने रोगहरु र मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुको समयमै पहिचान गरी परामर्श र उपचार सेवा पाउने व्यवस्था मिलाईने छ। ज्येष्ठ नागरिकहरुको स्वास्थ्यलाई विषेश प्राथमिकता दिँदै ज्येष्ठ नागरिकहरुलाई घर घरमा गई स्वास्थ्य परीक्षण गर्नका लागि मासिक रुपमा संचालन गरिदै आएको " **ज्येष्ठ नागरिकलाई घरघरमा स्वास्थ्य सेवा कार्यक्रम** " को दायरा विस्तारका लागि रु २ लाख ४० हजार बजेट विनियोजन गरेको छु ।

**३.** सुनौला १००० दिन भित्रका बच्चाहरु तथा आमाको पोषण अवस्थालाई सुधार गर्न, बालबालिकालाई कुपोषण बाट बचाउन पोषण सम्बन्धि विविध सचेतानामूलक कार्यक्रम गरिने छ । स्वास्थ्य आमा समुहको मासिक बैठकमा स्वास्थ्यकर्मीहरुको अनिवार्य उपस्थिति गराई पोषण सम्बन्धी छलफल गराई तरकारी लगायत हरिया सागपात उत्पादनमा जोड दिन कृषि विकास शाखासँग सहकार्य गरी कार्यक्रमहरु संचालन गरने छ । "**विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम** " लाई थप सुधार गरिदै लगिने छ । पोषणमैत्री स्वास्थ्य संस्था, पोषणमैत्री वडा र पालिका घोषणका लागि आवश्यक सुचकहरु हाँसिल गर्न समुदायस्तरमा पोषण कार्यक्रम संचालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

**४.** मातृ तथा शिशु मृत्यदर घटाउन संस्थागत प्रसुती लाई प्रोत्साहन गरी घरमा हुने प्रसुतीलाई शन्य बनाउन बर्थिङ सेन्टरहरुलाई थप सुदृढ गरिदै लगिनेछ र यसका साथै पालिका अन्तर्गतका बर्थिङसेन्टरबाट गर्तवती,प्रसुती र सुत्केरी अवस्थामा जटीलता भई नजिकको CEONC सेन्टर सम्म प्रेषण गर्नुपरेमा सेवाग्राहीलाई निःशुल्क एम्बुलेन्स उपलब्ध गराईने छ । नियमित खोप सेवा सुदृढीकरण गर्दै पूर्ण खोप सुनिश्चितता, निरन्तरता र दिगोपना वडा तथा पालिका घोषणा कार्यक्रमलाई निरन्तरता दिईने छ ।

**५.** समुदाय स्तरको स्वास्थ्य सुधारका लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको भूमिकालाई उच्च मुल्यांकन गर्दै खोप,गाउँघर क्लिनिक,स्वास्थ्य आमासमुहको नियमित बैठक लगायतका कार्यक्रममा थप सक्रियता बढाउन प्रयत्न गरिनेछ ।

**६.** गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुबाट गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरुबाट निःशुल्क वितरण गरिने औषधीहरु नियमित तथा पर्याप्त मात्रामा उपलब्ध हुने व्यवस्था मिलाईने छ। औषधी खरिदका लागि पालिकाबाट थप रु १४ लाख बजेट विनियोजन गरेको छ।

**७.** स्वास्थ्य संस्थाहरुको अभिलेख तथा प्रतिबेदन लाई चुस्त दुरुस्त बनाउन नियमित मासिक बैठक बसी अभिलेख तथा प्रतिबेदन सम्बन्धी छलफल गर्ने पद्धतिलाई निरन्तरत दिन, पालिकामा रहेका १० बटै स्वास्थ्य संस्थाहरुमा ईन्टरनेट सेवा विस्तार गर्न, आमा समुहको बैठक र स्वास्थ्यकर्मी तालिम लगायतका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

**८.** महिला स्वास्थ्य स्वयं सेविकालाई मासिक प्रोत्साहन भत्ता वापत रु. १ हजार र मासिक संचार खर्च रु. २०० गाउँपालिकाबाट उपलब्ध गराउने व्यवस्था मिलाएको छ।

**९.** सबै वडा आयुर्वेदिक उपचार पद्धतिको सेवाको पहुँच विस्तारका लागि औषधी खरिद ५ लाख र गाउँघर क्लिनिक संचालनका लागि २ लाख ५० हजार बजेट व्यवस्था गरेको छ।

## ४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

१. लैङ्गिक विभद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ।

२. महिला तथा दलित विरुद्द हुने सबै प्रकारका भेदभाव अन्त्य गरी सामाजिक न्याय कायम गर्न, महिला सशक्तीकरण र महिलाको सिपविकास मार्फत आयआर्जन वृद्धि गरी आत्मनिर्भर बनाउन आवश्यक कार्यक्रम तर्जुमा गरेको छु।

३. महिला बिशेष कार्यक्रम अन्तर्गत वडागत रुपमा तिज, महिला दिवस लगायत दिवस तथा कार्यक्रम संचालनका लागि रु ४ लाख ५० हजार, लोक सेवा शिक्षक सेवा तयार गर्न चाहने महिलालाई आवश्यक अध्ययन सामग्री सहयोग तथा लोक सेवा शिक्षक सेवा तयारी कक्षाका लागि रु २ लाख, स्वरोजगारमा लाग्न चाहने महिलाहरुलाई सीप विकास तालिम र आयआर्जनमूलक सामग्री सहयोगका लागि ४ लाख ५० हजार गरी कुल रु ११ लाख विनियोजन गरेको छु।

४. जिल्ला भरिका हिंसा पिडित महिलाहरुको लागि सुरक्षित आवास गृह स्थापना तथा संचालनका लागि हाम्रो पालिकाको तर्फबाट २ लाख विनियोजन गरेको छु।

५. बालविवाह सम्बन्धी सचेतना तथा पालिकास्तरिय बालदिवस कार्यक्रमका लागि रु.३ लाख बजेट विनियोजन गरेको छु।

६. व्यवसाय गर्न चाहने दलित समुदायलाई सीप विकास तालिम तथा लागत साझेदारीमा आवश्यक सामग्री सहयोग गरी स्वरोजगार अभिवृद्धिका लागि रु ५ लाख बजेट व्यवस्था गरेको छु। त्यस्तै निर्माणाधिन दलित एकता मञ्चको भवनलाई पूर्णता दिन ६ लाख बजेट विनियोजन गरेको छु।

## ५. खानेपानी तथा सरसफाई

१. खानेपानीको सहज पहुँच पुग्न नसकेका वस्तीका सबै नागरिकलाई स्वच्छ खानेपानीको पहुँचमा ल्याउन खानेपानी आयोजनाको निर्माण तथा मर्मत सम्भारका आयोजनाहरु संचालनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ। जसमध्ये मोयल खानेपानी ३ लाख, देवलवाँज दलितवस्ती प्राचीनढुंगेधारा २ लाख ५० हजार, गडिगाउँ खानेपानी मर्मत २ लाख, धौलदेउ आवि खानेपानी ३ लाख, गुगै खानेपानी २ लाख २५ हजार, मालचौर खानेपानी २ लाख, भिमरा सिरेटा खानेपानीका लागि १/१ लाख फकाली खानेपानी १ लाख ५० हजार डुंग्री खानेपानी १ लाख बजेट व्यवस्था गरेको छु।

२. बाढी पहिरो लगायत विपदबाट क्षति भएका खानेपानी आयोजनाको मर्मत सम्भार, संरक्षण तथा दिगोपना कायम गर्न खानेपानी आयोजनाहरुको मर्मत सम्भार शिर्षकमा रु ८ लाख बजेट विनियोजन गरेको छु।

३. खानेपानी आयोजनाहरुको निर्माण गर्दा एक घर एक धारा को नीतिलाई कार्यान्वयन हुने गरी बजेट विनियोजन गरेको छ।

## आर्थिक विकास

### ६. कृषि तथा पशुपंक्षी

**१.** यस गाउँपालिकाको समृद्धिको मूख्य आधार र प्रमुख पेशा नै कृषि भएको हुँदा कृषि पेशामा युवा जनशक्तिको आकर्षण बढाई कृषिलाई  व्यवसायिकरण गर्ने उद्देश्यले कृषि क्षेत्रका लागि बिशेष प्राथमिकताका साथ बजेट विनियोजन गरेको छ।

**२.** कृषि क्षेत्रको अभिलेखलाई प्रविधिकरण गर्न किसान सुचीकरण कार्यक्रम मार्फत सुचीकृत गरी कृषि सम्बन्धी एकिकृत तथ्यांकको संकलन गरी किसानको पहिचान तथा वर्गिकरण गरी किसान परिचय पत्र वितरण गर्न ३ लाख बजेट विनियोजन गरेको छ।

**३.** कृषि क्षेत्रको उत्पादकत्व वृद्धिका लागि कृषि क्षेत्रको व्यावसायिकरण, यान्त्रिकरण तथा आधुनिकीकरणमा जोड दिँदै किसानहरुलाई लागत सहभागितामा हाते ट्र्याक्टर वितरणका लागि रु ५ लाख र प्लाष्टिक टनेल वितरणका लागि रु ६ लाख ५० हजार बजेट विनियोजन गरेको छ।

**४.** रैथाने तथा लोपोन्मुख बालीलाई सुचिकृत गरी रैथाने बाली संरक्षण, सम्वर्द्धन तथा प्रबर्द्धनका लागि २ लाख बजेट विनियोजन गरेको छ ।

**५.** गाउँपालिकालाई तरकारीमा आत्मनिर्भर बनाउन **"आफ्नो बारी आफैलाई तरकारी"** कार्यक्रम संचालन,कृतिम फूलमालालाई निरुत्साहित गर्न **"आफ्नो बारीको डिलमा रोपौं हजारी"** अभियान संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छ।

**६.** कृषि उत्पादनलाई मुख्य सडकसम्म ढुवानीको व्यवस्था मिलाई बजारिकरणमा सहजीकरण गर्ने नीति अनुरुप कृषि उत्पादन ढुवानी शिर्षकमा रु २ लाख ५० हजार बजेट विनियोजन गरेको छ।

**७.** राष्ट्रिय फल सुन्तलाको पकेट क्षेत्र विस्तारका लागि ८ लाख ७५ हजार र गत बर्ष स्याउ र ओखर पकेटमा रोपेका मध्ये मरेका बिरुवा प्रतिस्थापनाका लागि २ लाख बजेट व्यवस्था गरेको छ ।

**८.** तरकारी मिनिकिट हाइब्रिड बिउ बिजन र बिषादी खरिद लागयत कार्यक्रममा लागि आवश्यक बजेट विनियोजन गरेको छ।

**९.** पशुहरुमा देखिने महामारी तथा आकस्मिक रोग नियन्त्रण तथा पशु उपचार सेवाका लागि रु १० लाख र भ्याक्सिन खरिदका लागि २ लाख  बजेट व्यवस्था गरेको छ।

**१०.** पशुजन्य उत्पादन वृद्धि तथा पशु नश्ल सुधारको लागि ए.आई.मिसन कार्यक्रम सञ्चालन गर्न २ लाख बजेट व्यवस्था गरेको छ ।

**११.** पशुपालनलाई व्यवसायिक तथा रोजगारमूलक पेशाका रुपमा विकास गर्न साथै मासु उत्पादनमा अभिवृद्धि गर्न यसै आर्थिक बर्षमा बाख्रा बिशेष पकेट विस्तारका लागि रु १५ लाख बजेट विनियोजन गरेको छ।

**१२.** महामारी लगायत पशुहरुमा देखिने रोगहरुको उपचारका लागि पशु स्वास्थ्य प्राविधिकहरुलाई कृषकको घरगोठ तथा कृषि फर्महरुमै गई सेवा प्रदान गर्न आवश्यक बजेट विनियोजन गरेको छ।

**१३.** भकारी सुधारका लागि ५ लाख, मासु पसल र फ्रेस हाउस संचालनका लागि १ लाख ५०, ट्रेबिज निर्माण र उपकरण खरिदका लागि ३ लाख बजेट विनियोजन गरेको छ।

**१४.** गाउँपालिकाबाट अनुदान पाएका कृषकहरुसँग किसान सम्वाद रेडियो कार्यक्रम संचालनमा लागि आवश्यक बजेट व्यवस्था गरेको छ।

**१५.** कृषि क्षेत्रमा कुल १ करोड ४७ लाख र पशुपन्छी विकासमा रु ४१ लाख ५० हजार विनियोजन गरेको छ।

## १. पर्यटन प्रवर्द्धन र धर्म सँस्कृति

**१.** **"पर्यटनमा लगानी, सम्वृद्धिको बिहानी"** भन्ने नारालाई सार्थकता दिन पालिका भित्र रहेका धार्मिक साँस्कृतिक महत्व बोकेका मठमन्दिर, पाटी पौवा तथा धार्मिक, साँस्कृतिक क्षेत्रको आवश्यकता अनुसार मर्मतसम्भार र पुनर्निर्माणका लागि आवश्यक बजेट विनयोजन गरेको छ।

**२.** पर्यटन पर्वद्धनका लागि छडीभेल पर्यटकीय पूर्वाधार निर्माणका लागि रु ९३ लाख, बझाङ र डोटीको सिमानामा रहेको तामेश्वरी मालिकालाई थलारा र सायल गाउँपालिकाको संयुक्त साझेदारीमा पूर्वाधार निर्माणका लागि रु २० लाख बजेट व्यवस्था गरेको छ साथै मालुमेला शिवालय धाम, डुडेमाणु त्रिवेणीधाम शिवालय, देवलबाँझ धार्मिकस्थल लगायतका पर्यटकीय सम्भावना बोकेका स्थलहरुको संरक्षणका लागि आवश्यक बजेट विनियोजन गरेको छ।

**३.** थलारा गाउँपालिकाबाट खप्तड जाने मार्गलाई थप सहज बनाउन घोडादाउना गाडाबाँज सडक विस्तारका लागि ७ लाख बजेट विनियोजन गरेको छ।

**४.** परम्परागत लोक भाका डेउडा संस्कृतिको संरक्षण गर्दै बझाङ्गी संस्कृतिको प्रचारप्रसार गर्न स्थानीय चाडपर्व मेला, सांस्कृतिक कार्यक्रमहरुका लागि वडागत रुपमा बजेट विनिजन गरेको छ।

**५.** पर्यटन क्षेत्र तर्फ कुल १ करोड ५८ लाख बजेट विनियोजन गरेको छ।

## ८. लघु, घरेलु उद्यम तथा रोजगारी

**१.** हाम्रा परपरागत तथा घरेलु उद्यम विकास युवा जनशक्तिलाई आवश्यक सिप विकासका तालिम तथा उद्यमशिलता प्रवर्द्धनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**२.** स्थानीय स्तरमा उपलब्ध हुने कच्चा पदार्थमा आधारित लघु तथा साना उद्योग प्रवर्द्धनका लागि वडा नं ३ खुइधार क्षेत्रमा औद्योगिक ग्राम घोषणा गरी पूर्वाधार निर्माण कार्य सुरु गर्न २० लाख बजेट विनियोजन गरेको छु।

**३.** वडा नं ८ मा हाते कागज, अचार उद्योग, सिस्नु पाउडर, आलु चिप्स, चप्पल उत्पादन लागायत सम्भाव्य साना उद्योग स्थापना र संचालनका लागि ९ लाख बजेट विनियोजन गरेको छु।

**४.** स्थानीय स्तरमा संचालन हुने विकास आयोजनामा न्यूनतम १०० दिनको रोजगारी सुनिश्चित हुने गरी बेरोजगार सूचीमा सूचीकृत व्यक्तिहरुलाई काममा खटाउन गरी प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सशर्त अनुदानबाट प्राप्त बजेटका साथै स्थानीय तहबाट थप लागत साझेदारी समेत गरी कुल ६५ लाख ४५ हजार बजेट विनियोजन गरेको छु।

## ९.सिचाई

**१.** सिचाई सुविधा नपुगेका कृषि भूमिमा सिचाई सुविधा विस्तारका लागि सिचाइ नहर, पोखरी, पाइप सिचाई जस्ता सिचाई पूर्वाधारको निर्माण तथा मर्मतसम्भार गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

**२.** तिखिला गैरा- बुङ्गिजिउला सिचाई कुलोको दायित्व भुक्तानी लागि रु २७ लाख ६९ हजार, दिपिल सिचाइकुलो ७ लाख, कुच सिचाइकुलो ५ लाख, कापडा सिचाइ पोखरी १ लाख ७५ हजार, गडीगाउँ सिचाइपोखरी रु १ लाख ५० हजार, लामाखेत सिचाइकुलो १ लाख ५० हजार, ओडखेत सिचाइकुलो २ लाख, कौसाडी सिचाइकुलो २ लाख ६५ हजार, गैराखेति सिचाइकुलो रु. २ लाख ७५ हजार, सेराली सिचाइकुलो २ लाख लगायत विभिन्न साना सिचाइ योजना समेत गरी सिचाइ तथा जलस्रोत क्षेत्रमा कुल ६२ लाख ९४ हजार बजेट विनियोजन गरेको छु।

## १०. वन वातावरण तथा विपद व्यवस्थापन

१. सम्भावित विपद् जोखिम् स्थानहरुको भौगर्भिक अध्ययन मार्फत पहिचान र नक्सांकन गरी बाढी तथा पहिरोको जोखिम् कम गर्नको लागि विभिन्न निकायहरुसँग लागत साझेदारी गरी पूर्वसूचना प्रणालीको स्थापना र विकास गर्ने व्यवस्था गरेको छु।जोखिममा रहेका वस्तीहरुमा जोखिम कम गर्न तटबन्धन

तथा पहिरो नियन्त्रण लगायतका लागि आवश्यक बजेट विनियोजन गरेको छ। तटबन्धन अन्तर्गत सेती नदी नियन्त्रण तर्फ ६२ लाख विनियोजन गरेको छ।

२. विपद जोखिम न्यूनीकरण, प्रतिकार्य राहत उद्दार र पुन निर्माण, स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र (LEOC) को स्थापना तथा सञ्चालन लगायत विपद व्यवस्थापन सँग सम्बन्धित कार्यका लागि विपद व्यवस्थापन कोष तर्फ २३ लाख बजेट विनियोजन गरेको छ।

## पूर्वाधार विकास

### ११. भवन, पुल, शहरी विकास, सडक

**१.** पालिकाको केन्द्र जोड्ने मुल सडक कालोपत्रे सुरुवात गर्न झनाना पक्कीपुल देखि पिखेत मोड सम्म सडक कालोपत्रेका लागि १७ लाख ५० हजार, सडिल कोटफेरा सडकका लागि ८ लाख, वडा नं १ र २ जोड्ने सडक मोतिपुर तेडिमाणु दंगाजी सडक निर्माण लागि २४ लाख, रेगम पिपलकोट चुथी शाखा सडक निर्माण रु १० लाख, कफलकाडा करबीर आवि सडक रु ८ लाख, धामीगाउँ भल्मा गुरेना सडक रु ८ लाख, डिखला अदुकाली सिरजिउला सडक रु १० लाख, घोडादाउना गाडाबाँज सडक निर्माण ७ लाख, लम्भा झपाली घोडादाउना सडक ५ लाख, खडीतोला गण्डाउली ठूलीचौर सडक ८ लाख, फकाली झ्यावगर सडक ५ लाख ५० हजार र सिरेटा जाइझुल सडक रु ३ लाख बजेट व्यवस्था गरेको छ।

**३.** पालिका भित्रका सबै वडाहरुलाई जोड्ने मूख्य सडक संजालहरुलाई मर्मतसंभार तथा स्तरोन्नति गरी बाह्रै महिना संचालनमा ल्याउन पालिको आफ्नो मेसिन प्रयोगका लागि रु २५ लाख बजेट विनियोजन गरेको छ ।

**४.** निर्माणाधिन आयोजना समयमै सम्पन्न गर्ने तथा अधुरा आयोजनालाई पूर्णता दिन आवश्यक व्यवस्था मिलाईनेछ।

**५.** संघीय सरकारको सशर्त बजेटबाट कार्यान्वयन भइरहेको सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत छनौट भएका लाभग्राहीहरुको सुरक्षित आवास निर्माण कार्यलागि यस बर्ष ९ लाख बजेट प्राप्त भएको छ। थप आवश्यक बजेटका लागि संघिय सरकारलाई माग गरिनेछ।

**६.** विगत बर्षका समपुरक अनुदान अन्तर्गत ठेक्का भइ निर्माणाधिन ७ न वडा कार्यालय भवन निर्माणलाई यसै बर्षमा सम्पन्न गर्ने गरी पालिकाको स्रोतबाट रु. २१ लाख बजेट व्यवस्था गरेको छ। यसै बर्ष भवन निर्माण सम्पन्न भइ नयाँ भवनबाट वडा कार्यालय सञ्चालनमा आउने विश्वास लिएको छ।

७. त्यसै गरी पालिकाको आफ्नै बजेटबाट ९ नं वडा कार्यालयको प्रशासकीय भवन निर्माण प्रारम्भ गर्न २० लाख बजेट विनियोजन गरेको छ। ८ न वडा कार्यालयको मर्मतका लागि २ लाख र वडा नं ४ को आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन मर्मत तथा घेरबार निर्माण लागि रु ७ लाख बजेट व्यवस्था गरेको छ।

## १२. जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा

**१.** राष्ट्रिय प्रसारण लाईन नपुगेका वडा तथा टोलहरुलाई राष्ट्रिय प्रसारण लाईनको पहुँच भित्र पुऱ्याउन सम्बन्धित निकायसँग आवश्यक पहल तथा समन्वय सहकार्य गरिनेछ। केही स्थानमा पुराना लाइन मर्मत सुधारका लागि बजेट व्यवस्था गरेको छ।

**२.** ऊर्जाको रुपमा प्रयोग हुदै आएका दाउरा तथा ग्याँस सिलिण्डरको प्रयोगलाई निरुत्साहित गरी विद्युतीय इन्डक्सन चुलो लगायतका नविकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गर्न रु २ लाख बजेट व्यवस्था गरेको छ।

## १३.सूचना तथा सञ्चार प्रविधि

**१.** नागरिकहरुको सार्वजनिक सूचनामा पहुँच अभिवृद्धि गर्न गाउँपालिकाको वेबसाइट, फेशबुक पेज, ट्वीटर जस्ता सामाजिक सञ्जाललाई नियमित रुपमा अपडेट गरी कार्यालयका गतिविधिहरुलाई नियमित रुपमा सार्वजनिक गरिने छ। सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक लेखापरिक्षण लगायत सुशासनका कार्यक्रम संचालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

**२.** नेपाल टेलिकमसँग समन्वय गरी गाउँपालिका भित्रका सरकारी कार्यालय र गाउँ वस्तीमा Fiber इन्टरनेट सेवा विस्तारकालागि ४ लाख ५० हजार बजेट विनियोजित गरेको छ।

**४.** गाउँपालिका बाट प्रवाह गरिने सम्पुर्ण सेवाहरुलाई सुचना तथा सञ्चार प्रविधिमैत्री बनाउन SMS Gate Way, एकीकृत कार्यालय व्यवस्थापन प्रणाली, इ हाजिरी, विद्युतीय अनुगमन प्रणाली जस्ता प्रविधिको प्रयोगलाई निरन्तरता दिन आवश्यक व्यवस्था मिलाएको छ।

## १४. सार्वजनिक सेवा प्रवाह, संस्थागत विकास तथा सुशासन

१. स्थानीय तहबाट प्रदान गरिने सबै किसिमका सेवालाई पहुँचयोग्य, सेवाग्राहीमैत्री, जनउत्तरदायी, पारदर्शी, पूर्वानुमानयोग्य तथा सरलीकृत गर्दै "सुशासन नै सार्वजनिक सेवा प्रवाहको आत्मा गुणस्तरीय सेवा प्रदान गर्ने जिम्मेवारी अब हाम्रै हातमा" भन्ने नारालाई मुलमन्त्रको अवलम्बन गरिनेछ।

१. गाउँपालिकामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकनको आधारमा पुरस्कार, दण्ड र करार नवीकरण गर्ने पद्धति अवलम्बन गर्न आवश्यक बजेट व्यवस्था मिलाएको छ।

२. सार्वजनिक सेवा प्रवाहलाई विकेन्दीकरण गर्दै नागरिकको घरदैलोमा पुऱ्याउन वडा स्तरमा घुम्ती शिविरहरु संचालन, बजार अनुगमन, गाउँपालिकाद्वारा हाल सम्म जारी ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड, मार्गदर्शन लगायतका कानुनी दस्तावेजहरू समयानुकुल संशोधन परिमार्जन लगायतका कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छ।

३. कार्ययोजना बनाइ बेरुजु फछर्यौटलाई तिब्रता दिने र सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारी बनाई सुशासन अभिवृद्धिका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

गाउँ सभाका अध्यक्ष महोदय,
गाउँ सभाका सदस्यहरु,

अब म माथि उल्लेखित कार्यक्रम कार्यान्वयनका लागि बजेट व्यवस्थापन र स्रोत प्रस्तावित विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

९. आर्थिक वर्ष २०८२।८३ का लागि कुल रु. ४७ करोड ३० लाख २३ हजार विनियोजन गरिएको छ। जसमध्ये कुल खर्चमा चालु तर्फ रु ३४ करोड ३ लाख ३२ हजार १ सय ६० जून कूल बजेटको ७१.९५ प्रतिशत हुन जान्छ। पूँजीगत तर्फ रु. १३ करोड २६ लाख ९० हजार ८ सय ४० जुन कूल बजेटको २८.०५ प्रतिशत विनियोजन हुने व्यवस्था मिलाएको छ।

१०. आर्थिक वर्ष २०८२।८३ का लागि कुल खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजश्व परिचालनबाट अनुमानित रु ५२ लाख ५० हजार , आर्थिक बर्ष २०८१।८२ को विनियोजनबाट बचत हुने अनुमानित रु ७५ लाख, राजश्व बाँडफाँड भई संघीय सरकारबाट प्राप्त हुने अनुमानित अनुदान रु ८ करोड २८ लाख २४ हजार, राजश्व बाँडफाँड भइ प्रदेश सरकारबाट पाप्त हुने सवारी साधन कर अनुमानित रु २४ लाख ६२ हजार, नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान अनुमानित रु १० करोड ५४ लाख, प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान अनुमानित रु ९९ लाख ८७ हजार, नेपाल सरकारबाट सशर्त बिशेष तथा समपुरक अनुदान गरी रु २३ करोड ७० लाख र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त समपुरक र बिशेष अनुदान गरी कुल अनुमानित रु २ करोड २६ लाख प्राप्त हुने अनुमान गरेको छ।

११. आगामी आर्थिक वर्षका लागि अनुमानित आय र व्ययको रकम बराबर हुने गरी विनियोजन गरेको छु। प्रस्तुत बजेटको अनुमान सन्तुलित बजेटको सिद्धान्त अनुसार आर्थिक वर्ष २०८२।८३ को वार्षिक नीति तथा कार्यक्रममा आधारित भएर तर्जुमा भएको व्यहोरा यस सम्मानित गाउँ सभा समक्ष जानकारी गराउन चाहन्छु।

१२. खर्च तर्फ विषयगत योजना तथा कार्यक्रमगत विस्तृत विवरण गाउँ सभाबाट पारित भै सके पछि सार्वजनिक गर्ने व्यवस्था मिलाएको छु। व्ययको चालु प्रशासनिक खर्च तर्फ नेपाल सरकारले तोकेको राष्ट्रसेवक कर्मचारीहरुको तलब, जनप्रतिनिधि, कर्मचारीको सेवा, सुविधाका साथै गाउँपालिकाबाट उपलब्ध हुने सेवा, सुविधा समेत गरी कार्यरत सम्पूर्ण स्थायी तथा करार कर्मचारीहरुको तलब, भत्ता र अन्य सुविधा वापतको रकम समावेश गरेको छु। विकास खर्चलाई चालु खर्चमा परिवर्तन गर्न नपाउने, प्रशासनिक खर्चको भार घटाउँदै लैजाने, खरिद प्रक्रियालाई पारदर्शी, प्रतिस्पर्धी बनाउँदै तोकिएको समयभित्रै कार्य सम्पन्न हुने गरी बजेट कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

गाउँ सभाका अध्यक्ष महोदय,

गाउँ सभाका सदस्यहरु,

१३. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्य प्रचलित कानून बमोजिम मैले सम्मानित गाउँ कार्यपालिकाको बैठकको सर्वसम्मत निर्णय बमोजिम आगामी आर्थिक वर्ष २०८२।८३ का लागि बजेट तथा कार्यक्रम तर्जुमा गरी यस सम्मानित गाउँ सभा समक्ष प्रस्तुत गरेको छु । बजेट तथा कार्यक्रम तर्जुमा गर्दा हाम्रा क्षेत्रगत विकास नीतिहरुलाई मूल आधारको रुपमा लिएको छु। हामीलाई उपलब्ध सीमित साधन स्रोतका कारण गाउँबासीले टोलवस्तीबाट हुँदै वडास्तरबाट माग गरी पठाएका कार्यक्रमहरु पूर्ण रुपमा आगामी आर्थिक वर्ष २०८२।८३ को बजेट तथा कार्यक्रममा सम्बोधन गर्न नसक्ने हुँदा सम्बोधन हुन छुट भएका कार्यक्रमलाई आगामी बर्षको बजेट, संघीय तथा प्रदेश सरकारसँग माग गरी क्रमशः कार्यान्वयन गर्दै लैजान पहल गरिने प्रतिवद्धता समेत यस सम्मानित गाउँ सभा समक्ष गर्दछु ।

गाउँ सभाका अध्यक्ष महोदय,

गाउँ सभाका सदस्यहरु,

१४. अब म सम्मानित गाउँ सभा समक्ष मैले माथि प्रस्तुत गरेको गाउँपालिकाको गत वर्ष २०८०।८१ को यथार्थ आय र व्यय, चालु आर्थिक वर्ष २०८१/०८२ को संशोधित आय र व्यय, आगामी आर्थिक वर्ष २०८२/०८३ को अनुमानित आय र व्ययको विवरण सम्मानित गाउँ सभामा घनिभूत छलफल भै पारित हुनका लागि प्रस्ताव गर्दछु।

गाउँ सभाका अध्यक्ष महोदय,

गाउँ सभाका सदस्यहरु,

१५. प्रस्तुत कार्यक्रम तथा बजेट तर्जुमाका लागि आफ्नो अमूल्य राय, सुझाव दिनु हुने गाउँ कार्यपालिकाका सदस्यहरू, टोल वस्तीमा गई नागरिकका समस्यालाई यहाँ सम्म पुऱ्याउनुहुने वडा समितिका पदाधिकारीहरु,  सबै विषयगत समितिका संयोजक एवम् सदस्यहरु लगायत सबै महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु। बजेटको नीति, सिद्धान्त र प्राथमिकतामा घनिभूत छलफल गरी प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सुझाव, सल्लाह दिनु हुने गाउँ कार्यपालिकाको कार्यालयका सम्पूर्ण कर्मचारी, शाखा प्रमुख, शिक्षक, उद्यमी, व्यवसायी, समाजसेवी, बुद्धिजिवी, ज्येष्ठ नागरिक, नागरिक समाजका अगुवा, पत्रकार मित्रहरु लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

१६. अन्त्यमा,  प्रस्तुत भएको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रमका प्राथमिकता प्राप्त कार्यक्रमहरु साझेदारी र सहकार्यमा कार्यान्वयनका लागि सहयोग गरि दिनु हुन नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार, अन्य स्थानीय तह, राजनीतिक दल, सम्पूर्ण बुद्धिजीवी एवम् प्रबुद्ध वर्गहरु, आम गाउँबासी आमा बुबा दाजु भाई दिदी बहिनीहरु, मतदाता, निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातृ निकाय, सम्पूर्ण कर्मचारी, सञ्चार जगत तथा नागरिक समाज लगायत स्रोत परिचालन, कानूनी सहायता, प्राविधिक तथा परामर्श क्षेत्रमा क्रियाशील संघसंस्थाहरु समक्ष हार्दिक अनुरोध गर्दछु।

धन्यवाद !

२०८२ असार १० मंगलवार,